# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्या: २०८१/८२

चलानी नं. :

फोन नं: ०१-५२६११८५

टोल फ्रि नं: १६६००११६१८५


मिति-२०८१।०५।२०

## हरितालिका तीज तथा चौठचन्द्र पर्वको शुभकामना

शाश्वत र सनातनी महिलाहरुको निर्जला व्रत हरितालिका तीज प्रत्येक वर्ष भाद्र शुक्ल तृतीया तिथिका दिन भगवान शिवको पुजाआराधनागरि धुमधामका साथ मनाउने आदिकालदेखि नै परम्परा रहेको छ । प्रत्येक पर्व मनाउनुको वैदिक तथा पौराणिक महत्व रहेको हुन्छ । शिवपुराण अनुसार हिमालय पर्वतपुत्री पार्वतीले भगवान शिवलाई पतिदेवको रुपमा पाउन भगवान हरिको सल्लाह अनुसार कठोर र निर्जला व्रत तपस्यागरि भगवान शिवलाई पतिदेवको रुपमा पाउन सफल भएकीले यस व्रतलाई हरितालिका तीज भनिन्छ । यो व्रत गर्दा व्रतीहरुलाई चिताएको फल प्राप्त हुने भएकोले सनातनी महिलाहरु भाद्र शुक्ल तृतीयाका दिन निराहारवसि व्रत वस्ने गर्दछिन । यो पर्वले प्रकृति र पुरुषलाई एकाकार गर्ने गरेको हुनाले पारिवारिक सुख-शान्तिको प्राप्ति हुने गर्दछ ।

श्रीमदभागवत पुराण अनुसार भाद्रकृष्ण अष्टमीका दिन भगवान श्री कृष्णको जन्म भई ११ औं दिनमा नामाकरण भएको अवसरमा जनजनले खुशी आनन्द मनाएकोले सम्पुर्ण जीवजगत खुशी साटासाट गर्ने गर्छ ।

शाश्वत सनातनीहरुको दोस्रो प्रशिद्ध पर्व चौठचन्द्र हुन । यस पर्वलाई चौरचन/चौठीचान पनि भन्ने गरिन्छ । यो पर्व भाद्र शुक्ल चतुर्थीका दिन चन्द्रमाको विधिविधानका साथ पुजाअर्चनागरि मनाउने प्रचलन रहेको छ । यस पर्वलाई प्रकृति र शान्तिको पर्व भनिन्छ । यो पर्व गर्नाले विविधा दोषकलंकबाट मुक्ति पाइन्छ भन्ने जनविश्वाश रहेको छ । यस पर्वमा अरिपन गरेको पवित्र स्थानमा सामयिक कृषिमा आधारित अन्नपानीबाट तयार गरिएका खीरपुरी,केरा,दहि लगायतका मिष्ठानहरुको भोग अर्पण लगाउने गरिन्छ ।

यसका साथै, यसै भाद्र चतुर्थी तिथिमा नै गणेश चतुर्थी, भगवान गणेशको जन्म भएकोले यो पर्व धुमधामका साथ आयोजना गर्ने परम्परा रहेको छ । यि त्रिपर्वहरुले व्यक्ति,परिवार,समाज र मुलुकमा सुखशान्ति,समृद्धि,उन्नति र प्रगतिमार्गको मार्गदर्शक वनोस् ।

हार्दिक मंगलमय शुभकामना अर्पण ।

डा.विजयकुमार दत्त

अध्यक्ष